अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हंसपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ मिति २०७९/०३/२५

भाग- २

हंसपुर नगरपालिका

## हंसपुर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

आज्ञाले,

केशव कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

प्रमाणीकरण मिति : २०७९/०३/१०

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७९/०३/२५

२०७९ सालको ऐन नं. ............

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हंसपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम हंसपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन हंसपुर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले हंसपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) " कार्यपालिका " भन्नाले हंसपुर नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले हंसपुर नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ). "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।



४५

३. नियम बनाउने अधिकार :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हंसपुर नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही हंसपुर नगरपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।